वीरेन्द्रनगर नगरपालिका
# स्थानीय राजपत्र

भाग १, खण्ड ९, संख्या २, मिति २०८३/०४/०१

## शिक्षा ऐन, २०७४ को चौथो संशोधन २०८३

१. मूल ऐनको दफा ८ को उपदफा (५) हटाइएको छ।

२. मूल ऐनको दफा ८ को उपदफा (९) को सट्टा देहायको उपदफा (९) राखिएको छ।
उपदफा (९) विद्यालय खोल्ने अनुमति दिँदा विद्यालय सञ्चालनको सुरक्षण वापत सामुदायिक विद्यालयको आधारभूत तह निशुल्क र माध्यमिक तह भए दुई लाख र संस्थागत विद्यालयको आधारभूत तहको पाँच लाख र माध्यमिक तहका लागि दश लाख धरौटी राख्नुपर्ने । उक्त रकम विद्यालय सञ्चालक र नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख वा प्रमुखले तोकेको शिक्षा अधिकृत प्रतिनिधिको संयुक्त दस्तखतमा राष्ट्रिय वाणिज्य बैंकमा धरौटी खाता सञ्चालन गरिनेछ।

३. मूल ऐनको दफा १२ को खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छ।
(झ) सामुदायिक विद्यालय र संस्थागत विद्यालयका प्रधानाध्यापक मध्येवाट नगर शिक्षा समितिले मनोनित गरेको तीन जनाः सदस्य उपदफा (२) मा थप गर्नुपर्नेः विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मध्येवाट मनोनित गरेको व्यक्तिको विद्यालय व्यवस्थापन समितिको अवधि समाप्त भएपनि कार्यकाल ३ बर्षको हुनेछ।

४. मूल ऐनको दफा १२ को खण्ड (झ) पछि देहायको खण्ड (ञ) थपिएको छ।
(ञ) शिक्षक महासंघ नगर अध्यक्ष - सदस्य

५. मूल ऐनको दफा १५ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ।
उपदफा (४) यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुको विद्यालय व्यवस्थापन समिति गठन गर्नका लागि आवश्यक समन्वय र सहजीकरण गर्न तपसिल बमोजिमको छनोट सहजीकरण समिति गठन गरिनेछः

(क) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख वा निजले तोकेको अधिकृतस्तरको प्रतिनिधिः संयोजक

(ख) सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडाको प्रतिनिधिः सदस्य

(ग) प्रधानाध्यापकः सदस्य

६. मूल ऐनको दफा १६ मा देहाय बमोजिम संशोधन गरिएको छ।

**(१) शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्थाः**

(१) सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षक तथा अभिभावकहरु सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ।

(२) व्यवस्थापन समितिले अभिभावकहरुको भेला गराई सो समितिको अध्यक्ष प्रधानाध्यापक तथा कम्तिमा एकजना शिक्षक र अभिभावकहरु समेत रहने गरी बढीमा एघार सदस्यीय शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम गठित कार्यकारी समितिका सदस्यको पदावधि दुई बर्षको हुनेछ।

(४) यो संशोधन हुनुपूर्व गठन वा पूनर्गठन भएका शिक्षक अभिभावक संघको कार्यकारी समिति यसै ऐन बमोजिम गठन भएको मानिनेछ।

७. मूल ऐनको दफा २४ को उपदफा (१), (३), (४), (५) को सट्टा देहायको उपदफा (१), (३), (४), (५) राखिएको छ र उपदफा (६), (७), (८) र (९) थपिएको छ।

उपदफा (१) नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा दरबन्दी, राहत अनुदान तथा स्वयम् सेवक करार शिक्षकको छनोट तथा सिफारिस गर्न एवम् नगरपालिका स्तरीय विषयगत शिक्षक बैंक विकासका लागि देहायबमोजिमको शिक्षक छनोट तथा सिफारिस वा शिक्षक बैंक निर्माण समिति हुनेछः

(क) शिक्षा शाखा प्रमुखः संयोजक

(ख) नगरपालिकास्तरमा सूचिकृत भएका सम्बन्धित विषयका विज्ञहरु मध्येबाट नगर प्रमुखले तोकेको एकजनाः सदस्य

(ग) प्रशासन शाखाको प्रमुखः सदस्य सचिव

(३) उपदफा (१) र (२) बमोजिम छनोट भएका शिक्षकलाई नियुक्ति दिने जिम्मेवारी शाखा प्रमुखको हुनेछ।

(४) उपदफा (१) बमोजिम रिक्त हुने शिक्षक छनोटका लागि शिक्षक सेवा आयोगबाट स्वीकृत पाठ्यक्रम लागू गरिनेछ।

(५) उपदफा (१) बमोजिम नियुक्ति भई खटाईएका शिक्षकलाई विद्यालयमा हाजिरी गराई कामकाजमा लगाउने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ।

(६) शिक्षक छनोटका लागि सञ्चालन हुने परीक्षामा खटिने जनशक्तिका लागि दिइने सेवा सुविधा वीरेन्द्रनगर नगरपालिकाको कार्य व्यवस्था सञ्चालन कार्यविधि बमोजिम हुनेछ।





(७) विद्यालय कर्मचारी, आया र बाल विकास शिक्षकको छनोटका लागि देहाय बमोजिमको समिति गठन गरिनेछः

(क) विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षः संयोजक

(ख) विज्ञहरुमध्ये समितिले छनोट गरेको एकजनाः सदस्य

(ग) शिक्षा शाखा प्रमुख वा प्रमुखले तोकेको अधिकृत प्रतिनिधिः सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापकः सदस्य सचिव

(८) उपदफा (७) बमोजिमका पदहरु छनोटका लागि विद्यालय व्यवस्थापन समितिबाट पाठ्यक्रम स्वीकृत गराई लागू गर्नुपर्नेछ।

(९) विद्यालय कर्मचारी र बाल विकास शिक्षकको छनोटका लागि सञ्चालन हुने परीक्षामा खटिने जनशक्तिका लागि दिइने सेवा सुविधा विद्यालय व्यवस्थापन समितिले निर्णय गरे बमोजिम हुनेछ।

८. मूल ऐनको दफा ३२ को उपदफा (२) हटाइएको छ।

आज्ञाले,

**लक्ष्मी प्रसाद बास्कोटा**

प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्रनगर नगरपालिकाको शिक्षा ऐन, २०७४ को चौथो संशोधन २०८३ मूल्य रु : ५